# ट्रेड यूनियन महासंघहरु तथा रोजगारदाताहरु वीच सम्पन्न सम्झौता

प्रतिष्ठानका कामदार/कर्मचारीहरुको पारिश्रमिक बृद्धिका विषयमा ट्रेड यूनियन महासंघहरुले राखेको माग तथा रोजगारदाता संगठनहरुको तर्फबाट प्रस्तुत अन्य विषयहरुलाई सम्बोधन गर्नको लागि नेपाल उद्योग वाणिज्य महासंघको नेतृत्वमा नेपाल उद्योग परिसंघ लगायतका रोजगारदाताहरु र ट्रेड यूनियन महासंघहरु – नेपाल ट्रेड यूनियन महासंघ (जिफन्ट), नेपाल ट्रेड यूनियन कांग्रेस–स्वतन्त्र र अखिल नेपाल ट्रेड यूनियन महासंघ वीच पटक पटक वार्ता भई औद्योगिक शान्ति स्थापना गर्न र श्रमिक कामदारको उत्पादकत्व अभिबृद्धि तथा प्रतिष्ठानको क्षमतामा गुणात्मक सुधार ल्याउन र श्रमिकको पारीश्रमिकमा बृद्धि गर्न नेपाल पक्ष राष्ट्र भएको आई. एल. ओ. को संगठन स्वतन्त्रता तथा सामूहिक सौदावाजी सम्बन्धी महासन्धी नं ९८ र ट्रेड यूनियन ऐन, २०४९ ले महासंघहरुलाई दिएको कानूनी अधिकार अन्तरगत रही आपसी सहमति कायम गर्न वाञ्छनिय भएकोले निम्न अनुसार सम्झौता गरिएको छ ।

१. **पारिश्रमिक वृद्धि सम्बन्धमा :**

(क) पारिश्रमिक वृद्धि बारे बृहत छलफल पश्चात कामदार/कर्मचारीहरुको आधारभूत पारिश्रमिक (Basic Salary), मा रु ५०/– र महंगी भत्तामा रु १,४५० /– गरी जम्मा रु १,५००/– बृद्धि गर्ने सहमति भयो । न्यूनतम पारिश्रमिक निम्नानुसार गर्ने गरी नेपाल सरकारलाई सिफारिश गर्ने सहमति भयो ।

| विद्यमान आधारभूत पारिश्रमिक | विद्यमान महंगी भत्ता | जम्मा | सिफारिश गरिएको आधारभूत पारिश्रमिक | सिफारिश गरिएको महंगी भत्ता | जम्मा |
|---|---|---|---|---|---|
| ३,०५०/– | १,५५०/– | ४,६००/– | ३,९००/– | ३,०००/– | ६,९००/– |

(ख) दैनिक ज्यालादारीको लागि प्रति दिन रु.२२६/– प्रदान गर्ने सहमति भयो ।

(ग) उद्योग/प्रतिष्ठानमा काम गर्ने सबै कामदार/कर्मचारीहरुलाई सामाजिक सुरक्षा प्रणाली लागु गर्न रोजगारदाताको तर्फबाट आधारभूत पारिश्रमिक (Basic Salary) को २० (बीस) प्रतिशत र कामदार/कर्मचारीहरुको तर्फबाट ११ (एघार) प्रतिशत योगदान सामाजिक सुरक्षा कानून जारी भए पश्चात लागु गर्ने प्रतिबद्धता व्यक्त गरियो ।

२. **पारिश्रमिक बृद्धि लागू हुने मिति सम्बन्धमा :**

माथि उल्लेखित पारिश्रमिक बृद्धि २०६७ चैत्र १ गते देखि लागू गर्ने सहमति भयो ।

३. **समायोजन गर्ने सम्बन्धमा :**

२०६७ बैशाख १ गते यता सामूहिक सौदाबाजी मार्फत वा अन्य कुनै संझौता वा व्यवस्थापक स्वयंले प्रतिष्ठानमा कार्यरत कामदार, कर्मचारीहरुको पारिश्रमिक र भत्ताहरुमा बृद्धि गरेको रहेछ भने यस अवधिमा भएको बृद्धिको कूल रकम अब कायम हुन आउने पारिश्रमिक वा मंहगी भत्तामा समायोजन गर्न पाईने छ । यसरी समायोजन गर्दा कामदार/कर्मचारीहरुले पाउने वार्षिक बृद्धि (ग्रेड) रकम समायोजन हुने छैन । साथै प्रतिष्ठानस्तरमा भएका सामूहिक सौदेबाजीको हकमा सोही संझौता बमोजिम हुनेछ ।

४. **उद्योग बन्द तथा श्रमिक कटौती सम्बन्धमा :**

श्रम लागतमा बृद्धि, बजारको अवस्था लगायतका अन्य कारणहरुले उद्योग व्यवसाय प्रतिस्पर्धी हुन नसकी बन्द गर्नु पर्ने परिस्थिति आएमा वा पुनः संरचना गर्नु पर्ने भएमा कुनै पनि उद्योग/प्रतिष्ठानले आफ्नो कुनै इकाई, शाखा, विभाग वा संपूर्ण उद्योग/प्रतिष्ठान नै बन्द गर्नु पर्ने भएमा श्रम ऐन अनुसार कामदार, कर्मचारीहरु कटौति गर्न पाउने विषयमा युनियनहरु सहमत भई सहयोग पुऱ्याउने छन ।

५. **औद्योगिक शान्ति कायम गर्ने सम्बन्धमा :**

क. औद्योगीकरणको माध्यमबाट मुलुकको आर्थिक विकासमा जोड दिन आगामी चार बर्षलाई औद्योगीक शान्ती वर्ष घोषणा एवं यसको प्रभावकारीता र प्रोत्साहनका लागी न्यनुतम साझा आर्थिक एजेण्डा, सुमधुर श्रम एवं औधोगीक सम्वन्ध स्थापनाका लागी दुबै पक्ष प्रतिबद्ध रहने छौं ।

ख. शान्तीपूर्ण तरिकाले निर्वाध रुपमा उद्योग प्रतिष्ठान सञ्चालन हुने वातावरण सुनिश्चित गर्न औद्योगीक शान्ति वर्ष अवधिमा कानूनको रीत नपुऱ्याई उद्योग, प्रतिष्ठानहरुमा बन्द, हडताल र तालाबन्दी गरिने छैन । गैरकानूनी बन्द, हडताल वा तालाबन्दी भएको खण्डमा पारिश्रमिक दिईने छैन ।

ग. औद्योगिक सम्बन्धलाई सौहार्द्र पूर्ण बनाउन, यो सम्झौता कार्यान्वयन गर्न र पालना गर्न गराउन केन्द्रीय स्तरमा रोजगारदाता परिषद् र ट्रेड युनियन महासंघका प्रतिनिधि रहेको द्विपक्षीय स्थायी संयन्त्र तुरुन्त गठन गरीने छ । आवश्यक्ता अनुसार जिल्ला स्तरमा समेत यस्ता संयन्त्रहरु बनाउन सकिने छ । प्रतिष्ठान तहमा यस सम्वन्धि व्यवस्था कार्यन्वयन गर्नको लागी श्रम सम्वन्ध समितिलाई सक्रिय गराईने छ ।

६. **श्रम कानून परीमार्जन र सामाजिक सुरक्षा कानून निर्माण सम्वन्धमा:**

क. दिर्घकालिन रुपमा औद्योगीक शान्ती कायम गर्नको लागि श्रमिकको सामाजिक सुरक्षाको प्रत्याभूति गर्न तथा श्रम क्षेत्रमा विद्यमान समस्याहरुलाई समाधान गर्न श्रम कानून

परिमार्जनका सम्वन्धमा विगत वर्षदेखि चालु छलफल प्रक्रिया तत्काल सुचारु गरी असल श्रम सम्वन्धलाई विकसित गर्ने वातावरण वनाउन श्रम तथा यातायात व्यवस्था मन्त्रालय मार्फत नेपाल सरकारलाई अनुरोध गर्ने सहमती भयो ।

ख. उद्योग प्रतिष्ठानहरुमा कामदार कर्मचारी तथा व्यवस्थापन बीच रहेको अप्ठ्याराहरुलाई उच्चस्तरीय रोजगार सम्मेलन गरी सम्बोधन गर्ने प्रतिबद्धता जाहेर गरियो ।

**७. पारीश्रमिक निर्धारण स्थाई समितीको गठन सम्बन्धमा :**

प्रतिष्ठानमा काम गर्ने कामदार कर्मचारीहरुको पारिश्रमिक निर्धारण, देशको आर्थिक अवस्थाको नियमित अध्ययन तथा अनुगमनको लागि रोजगारदाताहरुको छाता संगठन, ट्रेड यूनियन महासंघहरु र नेपाल सरकार समेतको प्रतिनिधित्व भएको पारीश्रमिक निर्धारण स्थाई समिती गठन गर्न नेपाल सरकारलाई सिफारिश गर्ने निर्णय गरियो ।

**८. श्रम कानून कार्यन्वयनमा रोजगारदाताहरुको प्रतिवद्धता सम्वन्धमा :**

रोजगारदाता संगठनले विद्यमान श्रम ऐन तथा नियमावलीमा भएका देहाय बमोजिमको व्यवस्था लागू भएका उद्योग प्रतिष्ठानलाई असल रोजगार अभ्यास भएको प्रतिष्ठानको रुपमा लिईने छ ।

- ट्रेड यूनियन गठन भएको ।
- न्यूनतम पारिश्रमिक सम्बन्धी व्यवस्था लागू भएको ।
- प्रतिष्ठानस्तरमा सामूहिक सौदावाजी भएको ।
- कामदार कर्मचारीलाई स्थायी गरी रहेको ।
- सामाजिक सुरक्षा नियमावली लागू भएपछि सामाजिक सुरक्षा कोषमा योगदान गर्ने ।
- व्यवसायजन्य सुरक्षा र स्वास्थ्य सम्वन्धि व्यवस्था भएको ।

**९. श्रमिकहरुलाई अनुशासित वनाउने तथा कर्तव्यको पालना गरी उत्पादकत्व वृद्धि सम्वन्धमा ट्रेड यूनियनहरुवाट भएको प्रतिवद्धता :**

क. श्रम ऐन तथा नियमावलीको अधिनमा रही कामदार कर्मचारीको अनुशासन तथा कर्तव्यको व्यवस्था सहित प्रतिष्ठानले विनियम जारी गर्नेछ । यसरी जारी भएको विनियमलाई पालना गर्न गराउन आवश्यक कार्यहरु गर्नेछ ।

ख. श्रमिकलाई अनुशासित वनाउन, कर्तव्यको पालना गर्न तथा गराउन कानूनी प्रक्रिया अवलम्बन गर्ने प्रवृति विकास गरिनेछ । प्रतिष्ठानको उत्पादकत्व वृद्धि गर्नको लागी युनियनको तर्फवाट प्रतिष्ठानहरुलाई आवश्यक सहयोग गरीने छ ।

१०. **लोडसेडिडवाट भएको असर न्युनिकरण सम्वन्धमा :**

प्रतिष्ठानले विद्युत आपूर्ति र उद्योगले आवश्यकता हेरी रोटेशन मिलाई कार्य दिन तथा सिफ्टको समय निर्धारण गर्न सक्ने छ ।

११. **विदा सम्वन्धमा :**

क. प्रतिष्ठानले आवश्यकता अनुसार हप्ताको जुनसुकै दिनलाई साप्ताहिक विदा तोक्न सक्ने छ ।

ख. प्रचलित श्रम ऐन, नियमावलीमा व्यवस्था गरिएको सार्वजनिक विदा र प्रतिष्ठानको विनियम वा सामूहिक सौदावाजीद्वारा निर्धारित सार्वजनिक विदा मात्र कामदार/कर्मचारीले उपभोग गर्न पाउने छन । सो वाहेक कामदार/कर्मचारीहरुले विदा घोषणा गर्न वा गयल हुन पाउने छैनन ।

ग. उद्योग प्रतिष्ठानको कार्यसमयमा काम छाडी हिंड्न पाइने छैन् ।

यो सम्झौता कार्यन्वयन गर्ने गराउने दायीत्व पालना गर्न गराउन हामी सहमत भई आज यो सम्झौता सम्पन्न भएको छ । २०६८।१२।१०

| रोजगारदाता संगठनको तर्फवाट | हस्ताक्षर | ट्रेड यूनियन महासंघको तर्फबाट | हस्ताक्षर |
|---|---|---|---|
| श्री कुशकुमार जोशी<br>अध्यक्ष, नेउवामहासंघ | | श्री विष्णु रिमाल<br>अध्यक्ष, नेपाल ट्रेड यूनियन महासंघ | |
| श्री प्रदीपजंग पाण्डे,<br>उपाध्यक्ष एवं सभापति,<br>रोजगारदाता परिषद्,<br>नेउवामहासंघ | | श्री शालिकराम जम्मकट्टेल, अध्यक्ष,<br>अखिल नेपाल ट्रेड यूनियन महासंघ | |
| श्री राज कुमार अग्रवाल<br>उपाध्यक्ष, नेपाल उद्योग परिसंघ | | श्री रामजी कुंवर<br>कार्यबाहक अध्यक्ष, नेपाल ट्रेड यूनियन कांग्रेस–स्वतन्त्र | |
| श्री दिनेश गोल्छा<br>अध्यक्ष, मोरङ्ग उद्योग संगठन | | श्री बिनोद श्रेष्ठ<br>वरिष्ठ उपाध्यक्ष, (जिफन्ट) | |
| श्री अशोक टेमानी<br>अध्यक्ष, बीरगञ्ज उद्योग वाणिज्य संघ | | श्री गणेश रेग्मी<br>महासचिव अखिल नेपाल ट्रेड यूनियन महासंघ | |

| | | | |
|---|---|---|---|
| श्री कुमुद कुमार दुगड<br>का.स. सदस्य (भेरी अञ्चल प्रतिनिधि) नेउवामहासंघ | | श्री अच्यूत राज पाण्डे<br>महासचिव, नेपाल ट्रेड यूनियन कांग्रेस – स्वतन्त्र | |
| श्री मनिष कुमार अग्रवाल<br>का.स. सदस्य एवं सदस्य, रोजगारदाता परिषद् नेउवामहासंघ | | श्री बिष्णु लम्साल<br>उपमहासचिव, नेपाल ट्रेड यूनियन महासंघ (जिफन्ट) | |
| श्री अञ्जन श्रेष्ठ<br>का.स. सदस्य एवं सदस्य, रोजगारदाता परिषद् नेउवामहासंघ | | | |
| श्री नन्द किशोर बस्नेत<br>महासचिव, नेपाल औद्योगिक क्षेत्र उद्योग महासंघ | | | |
| श्री अविनाश बोहोरा<br>महासचिव, मोरङ्ग व्यापार संघ | | | |
| | | | |
| | | | |